# कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको

## दामासाही सम्बन्धी व्यवसाय गर्न इजाजत प्राप्त व्यवसायीहरुलाई जारी गरिएको सूचना

यस कार्यालयवाट दामासाही सम्बन्धी ऐन, २०६३ को दफा ६४ तथा दामासाही सम्बन्धी नियमावली, २०६४ को नियम ९ र १० बमोजिम दामासाही सम्बन्धी व्यवसाय गर्न विभिन्न मितिमा इजाजत प्राप्त गरेका व्यवसायीहरुको सूचि तयार गरि कार्यालयको वेव पेजमा (www.ocr.gov.np को प्रकाशनहरु Menu को दामासाही विवरण) सार्वजनिक गरिएको छ। सूचिकृत दामासाही व्यवसायीहरुले गर्नुपर्ने काम कर्तव्य र दायित्व एवं स्वीकृत आचारसंहिता पालनाको अलावा तपशिल बमोजिमको कार्य गर्नु गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

### तपशिल

१. कम्पनी लिक्विडेशन गर्नु पर्दा उक्त सूचीमां भएका व्यवसायी मध्येवाट लिक्विडेटर नियुक्ति गर्न सकिनेछ।

२. कम्पनी ऐन, २०६३ को दफा १२७ को उपदफा (३) बमोजिम कम्पनीले लिक्विडेटर नियुक्ती गरेको मितिले सात दिन भित्र सोको जानकारी यस कार्यालयलाई दिनुपर्नेछ।

३. नियुक्त लिक्विडेटरहरुको इजाजत पत्रको म्याद कायम रहे नरहेको विषयमा सम्बन्धित कम्पनी र लिक्विडेटरले सचेतना अपनाउनु पर्नेछ।

४. दामासाही सम्बन्धी ऐनको दफा १०(३) बमोजिम कुनै कम्पनीको दामसाही सम्बन्धी जाचबुँझ गर्ने प्रयोजनको लागि जाचँबुझ अधिकारी तोकिएको भए त्यसको जानकारी दिनुहुन ।

५. दामासाही सम्बन्धी ऐनको दफा २२(२) बमोजिम कुनै कम्पनीको पुनः संरचना व्यवस्थापक नियुक्त भएको भए त्यसको जानकारी दिनुहुन।

६. दामासाही सम्बन्धी ऐनको दफा ३७(१) बमोजिम कुनै कम्पनी खारेज गर्ने प्रयोजनको लागि लिक्विडेटर नियुक्त भएको भए त्यसको जानकारी दिनुहुन ।

७. कम्पनी खारेज गर्ने प्रयोजनको लागि नियुक्त हुनु भएका लिक्विडेटरहरुले कम्पनी ऐनको दफा १३१(२)(क) बमोजिम विवरण तोकिएको समयमै पेश गर्नुहुन।

८. इजाजत प्राप्त गरेका दामासाही व्यवसायीहरुले दामासाही सम्बन्धी नियमावली, २०६४ को नियम ११ बमोजिम तोकिएको समय भित्र नविकरण गर्नुहुन ।

९. कुनै व्यक्ति एकै समयमा एक भन्दा बढी कम्पनीको लिक्विडेटर हुन सक्ने छैन ( कम्पनी ऐन, २०६४ को दफा १२७ को दफा १०) भन्ने व्यवस्थाको अनिवार्य पालना गर्नु हुन।

१०. दामासाही ऐन, २०६३ को दफा ४७ तथा दामासाही सम्बन्धी नियमावली, २०६४ को नियम १४ बमोजिम कम्पनीको दर्ता खारेजीको लागि लिक्विडेटरले त्यस्तो काम कारवाही सम्पन्न भएको मितिले सात दिन भित्र सो को आवश्यक विवरण यस कार्यालयमा पेश गर्नुहुन।

(शेखर बाबु कार्की )

सूचना अधिकारी